# सम्पत्ति कर क्रेडिट

भर्मोन्ट प्रोपर्टी ट्याक्स क्रेडिटले भर्मोन्टका घरधनीहरूलाई आफ्ना सम्पत्ति करहरू तिर्नमा सहयोग गर्दछ । यदि तपाईंको सम्पत्ति होमस्टेडको रूपमा योग्य हुन्छ र तपाईंले योग्यतासम्बन्धी आवश्यकताहरू पूरा गर्नुहुन्छ भने तपाईं आफ्ना सम्पत्ति करहरूमा सम्पत्ति कर क्रेडिटका लागि योग्य हुन सक्नुहुनेछ । राज्य शिक्षा सम्पत्ति कर हिस्साका लागि अधिकतम क्रेडिट $5,600 र नगरपालिका सम्पत्ति कर हिस्साका लागि $2,400 छ ।

## योग्यता

सम्पत्ति कर क्रेडिट दाखिला गर्नका लागि तपाईंले तलका सबै योग्यतासम्बन्धी आवश्यकताहरू अनिवार्य रूपमा पूरा गर्नुपर्छ:

- तपाईंको सम्पत्ति होमस्टेडको रूपमा योग्य हुन्छ र तपाईंले वर्तमान वर्षको कर दर सूचीका लागि होमस्टेड घोषणा दाखिला गरिसक्नुभएको छ ।
- तपाईं पूरै करयोग्य वर्षभरि भर्मोन्टमा बसोबास गर्नुभयो ।
- तपाईंलाई अर्को करदाताको आश्रितको रूपमा दाबी गरिएको थिएन ।
- तपाईंले अप्रिल 1 सम्म सम्पत्तिलाई आफ्नो होमस्टेडको रूपमा स्वामित्व लिनुभयो र भोगाधिकार गर्नुभयो ।
- यदि तपाईंले यी आवश्यकताहरू पूरा गर्नुहुन्छ भने तपाईंको घर अप्रिल 1 सम्म भाडामा दिइएको अवस्थामा बाहेक तपाईंले यो दाबी वर्षमा 182 दिन भन्दा बढी समयका लागि भाडामा नदिएको खण्डमा यसलाई होमस्टेडको रूपमा दाबी गर्न सक्नुहुनेछ ।
- तपाईंले घरपरिवारको आयसम्बन्धी मापदण्डहरू पूरा गर्नुहुन्छ (चालू वर्षको आय सीमाका लागि फाराम हेर्नुहोस्) ।

## कसरी दाखिल गर्ने

तपाईंले सम्पत्ति कर क्रेडिटका लागि आवेदन दिन निम्न दुई फारामहरू दाखिल गर्न आवश्यक पर्छ । तपाईंले आफ्नो दाबी विद्युतीय तरिकाले myVTax मा स्वचालित फाइलिङको रूपमा पेस गर्न वा तपाईंले भर्मोन्ट आयकर विवरण दाखिल गर्दा समावेश गर्न सक्नुहुन्छ ।

- फाराम HS-122, होमस्टेड घोषणा र सम्पत्ति कर क्रेडिट दाबी
- खण्ड क: होमस्टेड घोषणा
- खण्ड ख: सम्पत्ति कर क्रेडिट दाबी

- अनुसूची HI-144, घरपरिवारको आय । आफ्नो घरपरिवारको आय कसरी निर्धारण गर्ने भनेर जान्नुहोस् ।

कर वर्ष: 2023 घरपरिवारको अधिकतम आय: $128,000
कर वर्ष: 2022 घरपरिवारको अधिकतम आय: $134,800
कर वर्ष: 2021 घरपरिवारको अधिकतम आय: $136,900
कर वर्ष: 2020 घरपरिवारको अधिकतम आय: $138,500
कर वर्ष: 2019 घरपरिवारको अधिकतम आय: $138,250
कर वर्ष: 2018 घरपरिवारको अधिकतम आय: $136,500
कर वर्ष: 2017 घरपरिवारको अधिकतम आय: $147,500
कर वर्ष: 2016 घरपरिवारको अधिकतम आय: $141,000

## दाखिला गर्ने अन्तिम मितिहरू

सम्पत्ति कर क्रेडिट दाबी दाखिला गर्नका लागि अन्तिम मिति भनेको तपाईंको भर्मोन्ट आयकर विवरण र होमस्टेड घोषणा दाखिला गर्ने मिति हो जुन सामान्यतया अप्रिल 15 हुन्छ। यदि तपाईंले आफ्नो होमस्टेड घोषणालाई अक्टोबर 15 को विस्तारित अन्तिम मितिसम्म दाखिला गर्नुभयो भने तपाईंले अर्को वर्षको मार्च 31 सम्म पनि सम्पत्ति कर क्रेडिट दाबी दाखिला गर्न सक्नुहुनेछ। यद्यपि, तपाईंको सम्पत्ति कर क्रेडिटबाट $150 को प्रक्रिया शुल्क कटौती गरिनेछ। अक्टोबर 15 पछि कुनै पनि सम्पत्ति कर क्रेडिट सिधै घरधनीलाई पठाइनेछ, नगरलाई होइन।

## दाबी संशोधन गर्ने

यदि तपाईंले आफ्नो होमस्टेड घोषणाको साथमा सम्पत्ति कर क्रेडिट दाबी पेश गर्नुभयो भने तपाईंलाई फाराम HS-122, होमस्टेड घोषणा तथा सम्पत्ति कर क्रेडिट दाबी र HI-144, घरपरिवारको आयमा उल्लेखित निम्न जानकारी संशोधन वा परिवर्तन गर्न अनुमति हुन्छ र ती संशोधनहरू अप्रिलको दाखिला मितिको तीन वर्षभित्र गरिएको हुनुपर्छ:

- घरपरिवारको आय,
- घरजग्गाको मूल्याङ्कन,
- घरजग्गाको शिक्षा कर,
- घरजग्गाको नगरपालिका कर, र
- स्वामित्व प्रतिशत

यदि तपाईंले आफ्नो संशोधित विवरण विद्युतीय तरिकाले दाखिला गर्दै हुनुहुन्न भने तपाईंले घरपरिवारको आय संशोधन गर्न लागू हुने वर्षका लागि अनुसूची HI-144, घरपरिवारको आय प्रयोग गर्न सक्नुहुनेछ। घरपरिवारको सही आय प्रविष्ट गर्नुहोस् र HI-144 मा संशोधित (AMENDED) भनेर चिन्ह लगाउनुहोस्। संशोधित HI-144 लाई विभागमा दाखिला गरिएका अन्य कुनै पनि विवरणभन्दा अलग पठाउनुहोस्।

आफ्नो विवरण तलको ठेगानामा हुलाकमार्फत पठाउनुहोस्:

**Vermont Department of Taxes**
**P.O. Box 1645**
**Montpelier, VT 05601-1645**

## कर फारामहरू र मार्गदर्शन

**myVTax निर्देशनहरू**

- myVTax गाइड होमस्टेड घोषणा वा सम्पत्ति कर क्रेडिट दाबी कसरी दाखिला गर्ने (myVTax Guide How to File a Homestead Declaration or Property Tax Credit Claim)

## कर फाराम र निर्देशनहरू

आगामी सम्पत्ति कर वर्षमा करदाताले प्राप्त गर्न सक्ने सम्पत्ति कर क्रेडिटको रकम अनुमान लगाउनका लागि करदाता र तयारीकर्ताहरूको सुविधाका लागि विभागद्वारा उपलब्ध गराइएका फाराम, निर्देशनहरू र सम्पत्ति कर क्रेडिट क्यालकुलेटरका लागि तल हेर्नुहोस् ।

- भर्मोन्ट आयकर विवरण बुकलेट: यस बुकलेटमा निम्नका लागि फाराम र निर्देशनहरू समावेश छन्: IN-111, IN-112, IN-113, IN-116, HS-122, RCC-146, HI-144 (Vermont Income Tax Return Booklet: This booklet includes forms and instructions for: IN-111, IN-112, IN-113, IN-116, HS-122, RCC-146, HI-144)
- HS-122, HI-144, भर्मोन्ट होमस्टेड घोषणा र सम्पत्ति कर क्रेडिट दाबी (HS-122, HI-144, Vermont Homestead Declaration AND Property Tax Credit Claim) र निर्देशनहरू (Instructions)
- HS-122, सम्पत्ति कर क्रेडिट क्याल्कुलेटर (HS-122, Property Tax Credit Calculator)
- HS-122W, भर्मोन्ट होमस्टेड घोषणा र/वा सम्पत्ति कर क्रेडिट फिर्ता (HS-122W, Vermont Homestead Declaration and/or Property Tax Credit Withdrawal)

## तथ्य पत्रहरू र मार्गदर्शन

- कर विधेयकहरू र सम्पत्ति कर समायोजन जानकारीको गोपनीयता (Tax Bills and Confidentiality of Property Tax Adjustment Information)
- भर्मोन्ट सम्पत्ति कर क्रेडिट (The Vermont Property Tax Credit)
- भर्मोन्ट सम्पत्ति बिल ब्याकर (Vermont Property Bill Backer)
- भर्मोन्ट अनुसूची HI-144: घरपरिवारको आय निर्धारण गर्ने (Vermont Schedule HI-144: Determining Household Income)
- आवास अनुदान करारअन्तर्गत आवास मालिकहरूका लागि भर्मोन्टको करसम्बन्धी जानकारी (Vermont Tax Information for Owners of Housing Subject to a Housing Subsidy Covenant)
- भेटेरन र सम्पत्ति करहरू: तपाईंलाई के थाहा हुनुपर्छ (Veterans and Property Taxes: What You Should Know)

## विधान, नियम र नियमावलीहरू

- नियमावली § 1.5401(7) होमस्टेड (Regulation § 1.5401(7) Homestead)
- नियमावली § 1.5811(11)(A)(i), §1.5401(7), (14), §1.6066(c) निवासस्थान (Regulation § 1.5811(11)(A)(i), §1.5401(7), (14), §1.6066(c) Domicile)
- प्राविधिक बुलेटिन 20: मृतकहरूका दाबीहरू (Technical Bulletin 20: Claims of Decedents)
- प्राविधिक बुलेटिन 51: परिमार्जित सकल आयमा समायोजन अनुसूची HI-144 (Technical Bulletin 51: Adjustment to Modified Gross Income Schedule HI-144)
- *प्राविधिक बुलेटिन 56 (समीक्षामा): अनुसूची HI-144 घरपरिवारको आयमा व्यापारबाट भएको आय, K-1 आय, भाडाबाट भएको आय र पूँजी लाभको रिपोर्टिङ (Technical Bulletin* 56 (*Under Review): Reporting Business Income, K-*1 *Income, Rental Income and Capital Gain on Schedule HI-*144 *Household Income)*